"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७५/०७६

चलानी नं. : २६८

मिति : २०७५/०५/१४

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

विषयः शिक्षा दिवस सम्बन्धमा ।

**श्री सामुदायिक तथा संस्थागत विद्‍यालयहरु,**
**सवै, नमोबुध्द नगरपालिका अन्तर्गत ।**

प्रस्तुत विषयमा नगरपालिका अन्तर्गत सञ्चालित विद्‍यालयहरुका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यस वर्षको लागि तय गरेको ३९ औं राष्ट्रिय शिक्षा दिवसको आदर्श वाक्य **"समाजवाद उन्मुख समृध्द राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति विकास एवम् दिगो शैक्षिक पूर्वाधार"** भन्ने मूल नाराका साथ मिति २०७५ भाद्र २३ गते(८ सेप्टेम्बर २०१८)का दिन राष्ट्रिय शिक्षा दिवसको अवसरमा नगरपालिकाको आयोजनामा तपसिलका विविध शैक्षिक कार्यक्रम सञ्चालन गरिने भएकोले कार्यक्रमलाई भव्य एवम् सभ्य रुपमा सम्पन्न गर्न अनिवार्य सहभागी हुन अनुरोध छ ।

.................. ०७५/०५/१४
(ढुण्डीराज ढकाल)
नि.प्रमुख प्रशासकीय अधिकृत
**नि. प्रमुख प्रशासकीय अधिकृत**

तपसिलः

१. स्रोतकेन्द्रमा अन्तर "प्राथमिक विद्‍यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता"
कार्यक्रम हुने मितिः २०७५।०५।१९ गते देखि २१ गतेसम्म सम्पन्न हुने,
सहभागी विवरणः ३ जना प्रति विद्‍यालय( १ जना छात्रा अनिवार्य)
स्थानः सम्बन्धित स्रोतकेन्द्र

२. नगरस्तरमा अन्तर "माध्यमिक विद्‍यालय(कक्षा ९ र १०) स्तरीय हाजिरी जवाफ प्रतियोगिता"
कार्यक्रम हुने मितिः २०७५।०५।०२३ गते(विहान ९:०० बजे)
सहभागी विवरणः ३ जना प्रति विद्‍यालय( १ जना छात्रा अनिवार्य)
स्थानः जनक माध्यमिक विद्‍यालय, भकुण्डेबेशी ।

३. ३९ औं राष्ट्रिय शिक्षा दिवसको अवसरमा ऱ्याली/ जुलुस सभा
कार्यक्रम हुने मितिः २०७५।०५।०२३ गते(विहान ८:३० बजे)
सहभागी विवरणः २० जना प्रति माध्यमिक विद्‍यालय(५० प्रतिशत छात्रा अनिवार्य/नगर मुकामका विद्‍यालयहरुले कक्षा ९ र १० का विद्‍यार्थी परिचालन गर्न सक्ने)
भेला हुने स्थानः भकुण्डेबेशीचोक ।
ऱ्याली/ जुलुस सभा सुरु र अन्त्य हुने स्थानः भकुण्डेबेशीचोक देखि जनक माविको प्राङ्गणसम्म ।
(नोटः हाजिरी जवाफ प्रतियोगिताको प्रश्न विषयगत हुनेछ ।)

बोधार्थः श्री प्रेमबहादुर लामा(स्रोतव्यक्ति), स्रोतकेन्द्रस्तरमा हुने "प्राथमिक विद्‍यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता" सम्पन्न गर्नहुन ।
श्री कैलाशप्रसाद पौडेल(स्रोतव्यक्ति), स्रोतकेन्द्रस्तरमा हुने "प्राथमिक विद्‍यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता" सम्पन्न गर्नहुन ।